# आयात हुने तरकारी तथा फलफूलमा जीवनाषक विषादी अवशेष परीक्षण सम्वन्धी सूचना

हाले केहि सन्चार माध्यममा आयातित तरकारी तथा फलफूलमा जीवनाषक विषादी अवशेषको परीक्षण बन्द भएको भन्ने समाचारहरु प्रकाशित भएकोमा यस विभागको ध्यानाकर्षण भएको छ ।

यस विभाग अन्तर्गत विभिन्न भन्सार नाकास्थित १२ वटा खाद्य आयात निर्यात गुणस्तर प्रमाणीकरण कार्यालयहरु काँकडभित्ता, रानी बिराटनगर, जलेश्वर, बीरगन्ज, बेलहिया भैरहवा, कृष्णनगर, नेपालगन्ज, धनगढी, गड्डाचौकी महेन्द्रनगर, तातोपानी, टिमुरे रसुवा र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल काठमाडौंका प्रयोगशालाहरुबाट भन्सार बिन्दुमै तरकारी तथा फलफूलमा Rapid Bioassay of Pesticide Residues (RBPR) विधिबाट जीवनाषक विषादी अवशेष परिक्षण कार्य सूचारु रहेको व्यहोरा सम्वन्धित सबैमा अनुरोध छ । तरकारी तथा फलफूल आयातकर्ताहरुले अनिवार्य रुपमा जीवनाषक विषादी अवशेषको परिक्षण गराई मात्र आयात गरि बिक्रीवितरण गर्न गराउन हुन सूचित गरिन्छ । अन्यथा खाद्य ऐन २०२३ तथा खाद्य नियमावली २०२७ बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गरिन्छ ।


नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

**खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग**

**बबरमहल, काठमाडौं ।**

**www.dftqc.gov.np, Email: info@dftqc.gov.np**

०१-४२६२४३०, ०१-४२६२३६९